सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

आबश्यकता
d'n'sLb}lgsnfO{pbok'/lhNnfsf] ;a} :yfgLo txx?
rf/gu/kflnsfx?lop'uf, rf}b08Lu9L,a]nsf, s6f/L,
rf/ufpkflnsfx?lndr'ªa'ª, /f}tf, pbok'/u9L/
tfKn Lufpkflnsfdf /x]/ ;dfrf/ n]Vg] ;+jfbbftf
cfaZos k/]sf] x'bf0R5'sn] ;Dks{ ug'{xf]nf .
सम्पर्क: ९८४२९८५१८८

■ बर्ष-१६, ▶▶ अंक २९६ ▶▶ जेठ २ आईतबार ,२०७८, May - 16 Sunday, 2021, यलेदुङ किरात सम्बत) ५०८०, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com



***भाकेर बरपिपल ।*** उदयपुरको सदरमुकाम गाईघाटबाट जिल्ला सम्वनय समिति बोक्से जाने बाटो मुनि नेपाल पत्रकार महासंघको कार्यालय अगाडि रहेको बरपिपल । गर्मी बढेसंगै यो बरपिपलमा शितल ताप्न आउनेको लहर बढेको छ । ***तस्बिरः-बुद्धिकुमार राई***

हामी स्थानीय हौ,
स्थानीय उत्पादन नै उपयोग गरौं,
गिरीबन्धु प्लाष्टिकका पाइप !



# उदयपुरमा थप १८ जना संक्रमित थपिए

## जिल्लामा संक्रमितको सङ्ख्या ३ सय ७९ पुग्यो

❖ मुलुकी संबाददाता

*उदयपुर, वैशाख ३१*

उदयपुर, जेठ १

शनिबार ३ महिलासहित १८ जना नयाँ थपिए सँगै कोविड २ संक्रमितको संख्या उदयपुरमा ३ सय ७९ पुगेको छ। अघिल्लो दिन ६० नयाँ संक्रमित थपिएकोमा शनिबार १८ मात्र नयाँ देखिएका छन् ।

जसमध्ये १ सय ६१ महिला र पुरुष २ सय १८ रहेको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ। स्वास्थ्य प्रमुख मोहन सुबेदीका अनुसार पछिल्लो १० दिनयता जिल्लामा संक्रमितको संख्या तिब्ररुपमा बढ्दै गएको छ। सबभन्दा बढी संक्रमित त्रियुगा नगरपालिकामा ७३ महिला र १ सय १८ पुरुष गरी १ सय ९१ पुगेका छन् ।





दोस्रो ठूलो संक्रमण बेलका नगरपालिकामा ३८ महिला र २९ पुरुष गरी ६७ जना छन् भने चौदण्डीगढी नगरपालिकामा २६ महिला र ३० पुरुष गरी ५६ जना रहेको स्वास्थ्य कार्यालयका तथ्यांक अधिकृत उमेश लुईटेलले बताएका छन् । कटारी नगरपालिकामा १४ महिला र २१ पुरुष गरी ३५, रौतामाई गाउँपालिकामा ३ महिला ११ पुरुषसहित १४, लिमचुङबुङ गाउँपालिकामा ३ महिलासहित ८ र उदयपुरगढी गाउँपालिकामा ३ महिलासहित ७ मा संक्रमण देखिएको छ ।

जिल्लामा हालसम्म कोविडका कारण ४ महिला र ३ पुरुष गरी ७ जनाको कोविडले ज्यान गईसकेकोछ । त्रियुगामा २ महिलासहित ४, कटारीमा १ महिला र चौदण्डीगढीमा २ पुरुषको ज्यान गएको लुईटेलले बताएका छन् ।

संक्रमितको संख्या बढ्दै गएपछि जिल्ला कोविड शंकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) ले गत वैशाख २५ देखि निशेधाज्ञा लागू गर्दै आएको छ । पहिलो चरणमा वैशाख मसान्तसम्म लागू गरेको निशेधाज्ञा संक्रमित दर झन् बढ्न थालेपछि जेठ पहिलो सातासम्मका लाथि थप्ने निर्णय गरेको डिसिसिएमसी अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी तुलसीराम सेंढाईले बताए ।

रौताको शुद्ध पानी,
सुरक्षित जिन्दगानी...
हिमाल, पहाड, तराई, सहरदेखि
गाउँ-गाउँसम्मको रोजाई पवित्र
रौता पोखरीको मुहान
त्रियुगा नदीबाट उत्पादित
शुद्ध मिनिरल वाटर रौता
पानी संधै सबैले
प्रयोग गरौं ।







प्रोपाइटर - पर्शुराम चौधरी, फोन: ९८५२८३५०३७
त्रियुगा नगरपालिका - ३ मोतिगडा, उदयपुर

# उदयपुरको छापा पत्रकारितालाई फर्केर हेर्दा



❖ बुद्धिकुमार राई

पछिल्लो दुई बर्षमा उदयपुरको गाउँ-गाउँबाट पत्रिका प्रकाशन गर्नेलहर बढ्को छ। २०७६ चैत ११ गते मङ्गलबार देखि लकडाउन सुरु भएयता जिल्लाका सबै पत्रिकाको प्रकाशन बन्द भएको छ।

जिल्ला प्रशासन कार्यालय उदयपुर मा २०४९ सालदेखि २०७६ साउन अन्तिमसम्म दर्ता भएका ६९ पत्रिकाहरुमा ४५ साप्ताहिक पत्रिका छन्। 'द न्युज पार्क' साप्ताहिक अङ्ग्रेजी साप्ताहिक पत्रिका हो। जिल्लामा १२ वटा दैनिक, ६ वटा साहित्यिक, ४ वटा मासिक र २वटा पाक्षिक पत्रिका रहेका छन्।

६साहित्यक पत्रिकाहरुमा ४ वटा त्रैमासिक, एक मासिक र एक दैमासिक हुन्। जिल्लाका १२ वटा दैनिक पत्रिकाहरुमा २०५९ साल भदौ १० गते पेशल आचार्य प्रकाशक र कौशल चेम्जोङ सम्पादक रहेको 'हाम्रो राष्ट्रिय दैनिक' पत्रिका जिल्लाको पहिलोदैनिक पत्रिका हो।

दर्ता नम्बर ११ रहेको स्वर्गीय कमल कार्की प्रकाशक र केदारकुमार थापा सम्पादक रहेको 'उदयपुर दैनिक' २०६३ बैशाख ६ गते दर्ता भएको दर्ता नम्बर १५ रहेको महेश्वर चामलिङ प्रकाशक र पुष्पकुमार राई सम्पादक रहेको मुलुकी दैनिक, २०६५ असार १ गते दर्ता भइ दर्ता नम्बर २५ रहेको प्रकाशक सुबास चन्द्र राई र सम्पादक हरिकुमार राई सम्पादक रहेको किराँत टाइम्स दैनिक, बलदेब चौधरी प्रकाशक र प्रदिप कुमार चौधरी सम्पादक रहेको दर्ता नम्बर ३३ कोबरस्वा टाइम्स दैनिक, २०६७ साल मङसिर ९ गते ३५ नम्बर मा दर्ता भएको सुनिल साह प्रकाशक र अजय साह सम्पादक रहेको गाइघाटटुडे दैनिक, २०६८ साल जेठ २३ गते दर्ता भइ दर्ता नम्बर ३६ रहेको प्रकाशक बुद्धि चामलिङ राई प्रकाशक र उदय राई सम्पादक रहेको हिमपात सन्देश दैनिक हुन् ।

अन्य ५ दैनिकहरुमा २०६९ साल चैत१९ गते दर्ता भइ दर्ता नम्बर ४५ रहेको बिश्वराज तामाङ प्रकाशक र किरण ढुङ्गाना सम्पादक रहेको त्रियुगा एक्सप्रेस दैनिक, अमर मिडिया प्रालिले २०७३ असोज १४ गते दर्ता गरि दर्ता नम्बर ५४ रहेको सम्पादक राधारमण खतिवडाको जनभाव दैनिक, गजेन्द्र भगत प्रकाशक र जगत प्रसाद बन्जारा सम्पादक रहेको

दर्ता नम्बर ६५ रहेको उदयपुर सिमृक दैनिक, यी ९ वटा दैनिक पत्रिका सबै उदयपुर जिल्ला सदरमुकाम गाइघाट प्रकाशन हुने दैनिक पत्रिका हुन् । सदरमुकाम बाहिरबाट प्रकाशन हुने दुई पत्रिकाहरुमा चौदन्दी मिडिया ग्रुपले चौदन्डीगढी नगरपालिका बेल्टारबाट प्रकाशन गर्नेभोटराज राई सम्पादक रहेको गढी खबर दैनिक २०७५ चैत २६ गते ६६ नम्बरमा दर्ता छ।

जिल्ला सदरमुकाम बाहिरबाट प्रकाशन हुने अर्को दैनिकमा बेलका नगरपालिका रामपुरबाट भरत घिमिरे प्रकाशक र बिजयकुमार राउत सम्पादक रहेको दर्ता नम्बर ६८ रहेको एकता खबर दैनिक हो। जम्मा ६ वटा साहित्यिक पत्रिकाहरुमा २०६६ असार २९ गते जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको ३१ दर्ता नम्बर रहेको जङ्घार दैमासिक, दर्ता नम्बर ४७ रहेको उज्यालो साहित्य मासिक , दर्ता नम्बर ५९ रहेको गाउलेसाहित्य फुलबारी, दर्ता नम्बर ६० रहेको जनसायर, दर्ता नम्बर ६५ रहेकोलोकमन्जरी र दर्ता नम्बर ६७ रहेको बेलका बालबगैचा त्रैमासिक हुन्।

'द न्युज पार्क' साप्ताहिक अङ्ग्रेजी साप्ताहिक पत्रिका हो । जिल्लाको सबैभन्दा पुरानो निरन्तर प्रकाशन हुने साप्ताहिक पत्रिका माझखर्क साप्ताहिक, २०६१ साल जेठ १३ गते देखि निरन्तर प्रकाशन हुँदै आएको छ। भने अर्को पुरानो र निरन्तर पत्रिका पूर्णपुष्टि साप्ताहिक हो। २०६२ सालदेखि निरन्तर छ। समाचारमुलक दुई वटा पाक्षिक पत्रिकाहरुमा उदयपुर दर्पण पाक्षिक र पाक्षिक त्रियुगा पत्रिका पाक्षिक हुन्।

४ वटा मासिक पत्रिकाहरुमा मलाकी मासिक, कृषि आवाज मासिक, स्विकार पोष्ट, रातो सुखानी पत्रिक । मासिक हुन् । जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको जम्मा ६९ पत्रिका हरुमा ४५ साप्ताहिक पत्रिकहरु समाचारमुलक साप्ताहिक पत्रिका हुन्।

जिल्लाको सबै भन्दा पुरानो साप्ताहिक पत्रिका २०४९ साल भदौ १९ गते बद्रीप्रसाद काफ्ले प्रकाशक र रितुबर्ण पराजुली सम्पादक रहेर २०४९ साल भदौं ३१ गते जिल्लामा नै पहिलो त्रियुगा अर्ध साप्ताहिक पत्रिका प्रकाशन गरेका थिए। जिल्ला सदरमुकाम गाइघाटबाहिर जिल्लाकोपुर्बी बजार बेल्टारबाट २०६२ साल पुस २१ गते मुगासेर राईले दुरदर्शी साप्ताहिक पत्रिका प्रकाशन गर्न सुरु गरे।

त्यसपछि योक्रम जिल्ला सदरमुकाम गाइघाटदेखि जिल्लाको पश्चिमी मुख्य बजार कटारि बाट २०६४ मङ्सिर ८ गते कुमारसिङ राइले त्रिबेणि सुशेली साप्ताहिक पत्रिका प्रकाशन सुरु गरे । २०६५ साउन १४ गतेदेखि हेमन्तबहादुर थापा प्रकाशक र सागर थापा सम्पादक रहेर बेग साप्ताहिक प्रकाशन गरे ।

२०६८ साल भदौं ६ गतेदेखि केदार कोइरालाले त्रिबेणि पोष्ट साप्ताहिक प्रकाशन सुरु गरे। जिल्लाकै ताप्ली गाउपालिकाबाट भिम बिक्लेताप्ली पोखरी साप्ताहिक २०६९ जेठ २९ गते पत्रिका दर्ता गराए। २०६९ साल असार २६ देखि हिरालाल अधिकारीप्रकाशक र रामशेर राई सम्पादक रहेको कटारी साप्ताहिक प्रकाशन सुरु भयो । पश्चिमि बजारमा निक्कै पत्रिका प्रकाशन भएपछि यो क्रम पुन जिल्लाको सदरमुकाम गाइघाट देखि पुर्बीनगर बेल्टार तिर लाग्यो। २०७२ साल फागुन २६ गतेजीवन राई प्रकाशक र भैरब श्रेष्ठ सम्पादक रहेर चौंदण्डिगढी साप्ताहिक सुरु गरे।

२०७३ साल असोज २५ गते जिबनाथ दाहाल प्रकाशक भएर कटारीबाट उदय श्री साप्ताहिक सुरु गरे। २०७४ असार २० गतेदेखि जिल्लाको पुर्बि भेग बसाहाबाट सबिता राईप्रकाशक र महेन्द्रबहादुर राई सम्पादक रहेर दुर्गम एक्सप्रेस साप्ताहिक पत्रिका प्रकाशन सुरु गरे । हाल योदुर्गम एक्सप्रेस साप्ताहिक प्रेस काउन्सिल नेपालबाट (ग) बर्गमा बर्गिकृत गरेको छ।

२०७४ माघ ८ गते कटारीबाट दुखी पासवान प्रकाशक र बलराम घिमिरे सम्पादक रहेर समाबेसी साप्ताहिक दर्ता गरे । २०७५ जेठ २६ गतेबाट जिल्लाको पुर्बी नगरि बेलका नगरपालिका रामपुरबाट भरत घिमिरे प्रकाशक र सुमन कटुवाल सम्पादक रहेर समृद्ध बेलका साप्ताहिक प्रकाशन सुरु गरे। बेलका नगरपालिका रामपुर देखि नै जयराम पुर्बछाने मगर प्रकाशक र अम्बिका निरौला सम्पादक रहेर बेलका खबर साप्ताहिक पत्रिका प्रकाशन सुरु गरे।

उदयपुर जिल्लामा ४ नगरपालिका र ४ गाउपालिका गरि ८ स्थानिय तह रहेकोमा २०७५ असोज १८ गतेदेखि होमबहादुर बस्नेत प्रकाशक र जगमाया खत्री सम्पादक रहेर जिल्ला सदरमुकाम गाइघाटदेखि पश्चिम - उत्तरी गाउँपालिका उदयपुरगढि गाउपालिकाबाट उदयपुरगढी साप्ताहिक प्रकाशन सुरु गरे।

सदरमुकाम गाइघाटबाट मात्र प्रकाशन हुँदै आयको १० दैनिक पत्रिकाहरुमा थपिन पहिलो पटक जिल्ला सदरमुका गाइघाट बाहिर पुर्बी नगर चौदन्डिगढसी नगरपालिका बेल्टारबाट २०७५ चैत २६ गतेबाट दर्ता भइ चौदन्डिगढी मिडिया ग्रुपको प्रकाशनमा भोटराज सम्पादक रहेर गढी खबर दैनिक पत्रिका प्रकाशन सुरु भइ जिल्लामा ११ ओउ दैनिक पत्रिका बन्न पुगे । सदरमुकाम गाइघाट बाहिरबाट निस्कने दैनिक पत्रिका यतिकैमा रोकिएन २०७६ देखि बेलका नगरपालिका रामपुरबाट भरत घिमिरे प्रकाशक र बिजयकुमार राउत सम्पादक रहेर सदरमुकाम गाइघाट बाहिरबाट प्रकाशन हुने दोस्रो र जिल्लाको १२ ओउ दैनिक पत्रिका भएर एकता खबर दैनिक प्रकाशन सुरु भएको छ।

पछिल्लो समय चुपचाप रहेको जिल्लाको पश्चिमी नगर कटारी र पश्चिम- उत्तरी गाउपालिका ताप्लीबाट कुनै पत्रिका प्रकाशन नभए पनि जिल्लाको उत्तरी गाउँपालिका लिमचुङबुङ गाउपालिकाबाट २०७५ असार ५ गते दर्ता भएको लिमचुङ मिडिया ग्रुप को प्रकाशनर अरुपकुमार राई सम्पादक रहेको लिमचुङबुङ साप्ताहिक पत्रिका २०७६ असार ८ गते देखि प्रकाशन सुरु भएको छ ।

२०७६ साउन २६ गते प्रकाशक भुपेन्द्र पौडेल र सम्पादक महेश खनालले शोलुशन दैनिक दर्ता गराएका छन्। यसको दर्ता ६९ ख रहेको छ। त्यस्तै जिल्ला प्रशासन कार्यालय उदयपुरको अभिलेखमा दर्ता नम्बर ७० मा बेल्टारबाट रुद्रमणी राई प्रकाशक र स्वास राई सम्पादक रहेको बेल्टार खबर साप्ताहिक दर्ताभएको छ।

जिल्लाको रौतामाइ गाउपालिका र ताप्ली गाउपालिकाबाट अहिलेसम्म कुनै पत्रिका प्रकाशन हुन सकेको छैन भने कटारी नगरपालिकाबाट पनि पछिल्लो समय कुनै पत्रिका प्रकाशन भएको छैन। जिल्लाको सबै भन्दा पुरानो निरन्तर प्रकाशन हुने साप्ताहिक पत्रिका महेश्वर चामलिङ राइको माझखर्क साप्ताहिक, २०६१ साल जेठ १३ गते देखि निरन्तर प्रकाशन हुँदै आएको छ। भने अर्को पुरानो र निरन्तर पत्रिका पूर्णपुष्टि साप्ताहिक हो। २०६२ सालदेखि निरन्तर छ।त्यस बाहेक पुर्बक्षितिज साप्ताहिक, त्रियुगा टाइम्स साप्ताहिक, पुर्ब नेपाल साप्ताहिक र नागरिक आव्हान साप्ताहिक हो।

**पत्रिकाको नाम**
**- प्रकाशक/सम्पादक**

(१) त्रियुगा अर्धसाप्ताहिक - बद्रीप्रसाद काफ्ले/रितुबर्ण पराजुली २०४९-५-१९
(२) उदयपुर आवाज साप्ताहिक - हिमाल कार्की/हिमाल कार्की २०५०-२ -११
(३) उदय साप्ताहिक - पुन्य कार्की / पुन्य कार्की २०५१-११-८
(४) नब उदय साप्ताहिक - मोहन कार्की/ केदार थापा
(५) ऐजेरु साप्ताहिक - बद्री काफ्ले/कौशल चेम्जोङ २०५४-११-२६
(६) रोउता टाइम्स साप्ताहिक - पेशल आचार्य/ महाप्रसाद खतिवडा
(७) टङ्केला साप्ताहिक - कौशल चेम्जोङ/ कौशल चेम्जोङ
(८) पुर्णपुष्टि साप्ताहिक - शान्ता राई /शान्ता राई २०६२-६-२०
(९) पुष्टि साप्ताहिक- लिला प्रसाद निरौला/ लिला प्रसाद निरौला (१०) हाम्रो राष्ट्रिय दैनिक - पेशल आचार्य/ कौशल चेम्जोङ २०५९-५-१० (११) उदयपुर दर्पण दैनिक स्वर्गीय कमल कार्की /केदार कुमार थापा

*- बाँकी ३ पेजमा*




(१२) माझखर्कसाप्ताहिक - महेश्वर चामलिङ /पुष्प कुमार राई २०६१-२-५
(१३) दुरदर्शी साप्ताहिक - मुगाशेर राई /मुगाशेर राई २०६२-९-२१
(१४) उदयपुर दर्शन साप्ताहिक - गोपाल पोखरेल/गोपाल पोखरेल २०६२-१२-६
(१५) मुलुकी दैनिक - महेश्वर चामलिङ राई /पुष्पकुमार राई २०६३-१-६
(१६) नागरिक आबहान साप्ताहिक - हरिकुमार राई / हरिकुमार राई २०६३-२-२३
(१७) जनसमन्ध साप्ताहिक - बैकुण्ठ दाहाल / कृष्ण प्रसाद घिमिरे २०६३-६-१३
(१८) बेग साप्ताहिक - हेमन्त बहादुर थापा/ सागर थापा २०६५-४-१४
(१९) नया पुर्व शितिज साप्ताहिक- साबित्रा पाण्डे /सुमित्रा कोइराला २०७३-१२-२६
(२०) गृहगुप्तचर साप्ताहिक - रोहितकुमार सिङ/ कृष्णकुमार दुलाल २०६४-३-२९
(२१) सगरमाथा साप्ताहिक - इश्वर तामाङ /अशोक तामाङ २०६४-४-२३
(२२) त्रिबेणि शुसेली साप्ताहिक - कुमार सिङ राई/ कुमार सिङ राइ २०६४-८-२६
(२३) उदयपुर पोष्ट साप्ताहिक - नेत्र कुमार सुनुवार / हरिकुमार राई २०६४-१-१९
(२४) नया सहयात्री साप्ताहिक - सङ्गम प्रकाशन प्राली / लिला प्रसाद निरोउला
(२५) किरात टाइम्स दैनिक - सुबास चन्द्र राई / हरि कुमार राई २०६५-३-१
(२६) पुर्व नेपाल साप्ताहिक- अजय कुमार साह / अजयकुमार साह २०६५-३-९
(२७) पुर्वतारा साप्ताहिक - पर्शुराम पोखरेल /भिम बिक २०६५-३-१८
(२८) हाम्रो खबर साप्ताहिक - कुशलबाबू बस्नेत/ कुमार सिङ कार्की २०६५-४-१४
(२९) खबरदारी साप्ताहिक - उजुर राई/ अधिराज राई २०६५-६-१५
(३०) दलित दर्पण साप्ताहिक - दलित दर्पण प्रकाशन प्राली / भिम बिक २०६५-८-२९
(३१) जङघार दैमासिक - गजेन्द्र राई / स्वर्गिय दिपक कुमार राइ २०६६-३-२९
(३२) त्रियुगा टाइम्स साप्ताहिक - बिश्वराज तामाङ / किरण ढुङ्गाना २०६६-११-२१
(३३) बरुवा टाइम्स दैनिक -बलदेब चोउधरी /प्रदिपकुमार चोउधरी २० ६६ । (३४) हाम्रो बेलका साप्ताहिक - रबिन कुमार श्रेष्ठ/ मणिराज राई २०६६-६-८ २०६७-११-४ देखि गङ्गा राई प्रकाशक
(३५) गाइघाट टुडे दैनिक - सुनिल साह / अजयकुमार साह २०६७-८-९ । (३६) हिमपात सन्देश दैनिक - बुद्धि चामलिङ राई / उदय राई २०६८-२-२३
(३७) त्रिबेणि पोष्ट साप्ताहिक - केदार कोइराला / केदार कोइराला २०६८-५-६
(३८) उदयपुर दर्पण पाछ्किक - राधारमण खतिवडा/राधारमण खतिवडा २०६८-५-६
(३९) सङघिय राज्य साप्ताहिक- यमन दनुवार / शम्भुकुमार दनुवार २०६८-३-४
(४०) मलाकी माशिक - सङ्गिता कुमारी चोउधरी / रामकुमार राई २०६८-१२-२०
(४१) ताप्ली पोखरि साप्ताहिक - भिम बहादुर बिक / भिम बहादुर बिक २०६९-२-२९
(४२) कटारी साप्ताहिक - हिरालाल अधिकारी / रामशेर राई २०६९-३-२६
(४३) उदय टाइम्स साप्ताहिक - स्वर्गीय रामप्रसाद भट्टराई / उर्मिला काफ्ले २०६९-४-५
(४४) द न्युज पार्क विक्ली साप्ताहिक - बिरेश दाहाल / खेम नारायण दाहाल २०६९-४-२६
(४५) त्रियुगा एक्सप्रेस दैनिक - बिश्वराज तामाङ / किरण ढुङ्गाना २०६९-१२-१९ । (४६) क्रान्तिसन्देश साप्ताहिक - मधुकर थापा /टेकराज रिखाम २०७०-२-१६ । (४७) उज्यालो साहित्य मासिक शर्मिला कटुवाल शेषराज निरोउला २०७०-६-४ । (४८) त्रियुगा पाछ्किक - नेत्रकुमार सुनुवार / कैलाश राई २०७०-११-३०
(४९) साझा दर्पण साप्ताहिक - देबराज राई / अर्जुन राउत २०७१-८-२
(५०) कृषि आवाज मासिक - अर्गानिक एगृकल्चर पब्लिकेशन / बिकाश भट्टराई २०६२-२-२५
(५१) चोउदन्दीगढी साप्ताहिक - जीवन राई / भैरब श्रेष्ठ २०६२-११-२०
(५२) युके साप्ताहिक - पर्शुराम पोखरेल/ नारायण प्रसाद अधिकारी २०७३-४-२९
(५३) उदय श्री साप्ताहिक - जिबनाथ दाहाल/ बिकास २०७३-६-२५
(५४) जनभाब दैनिक - अमर मिडिया प्राली / राधारमण खतिवडा २०७३-६-१४ । (५५) स्विकार पोष्ट मासिक - चन्द्र कुमार राई / चन्द्र कुमार राई २०७३-१०-३
(५६) दुर्गम एक्सप्रेस साप्ताहिक - सबिता राई / महेन्द्र बहादुर राई २०७४-३-२० । (५७) खुलासा पोष्ट साप्ताहिक - राकेश नेपाली / रन्जना पोखरेल २०७४-३-२० । (५८) समाबेसी कटारी साप्ताहिक - दुखी पासवान/ बलराम घिमिरे २०७४-१०-८ । (५९) गाउले साहित्य फुलबारी - गोबर्धन तामाङ / केदार कुमार कार्की २०७४-११-२ । (६०) जनशायरा त्रैमासिक - अर्जुन राउत /अर्जुन राउत । (६०) सम्बृद बेलका साप्ताहिक - भरत घिमिरे / सुमन कटुवाल २०७५-२-२६
(६१) बेलका खबर साप्ताहिक - जयराम पुर्बछाने मगर /अम्बिका निरोउला २०७५-२-२६ (६२) उदयपुरगढी साप्ताहिक - होमबहादुर बस्नेत / जोगमाया खत्री २०७५-६-१८ (६३) रातो सुखानी मासिक - लकक्षमण पौडेल / दिपक राई २०७५-९-६ (६४) लोकमन्जरी त्रैमासिक - राममणी पोखरेल / यशोदा कुमारि पोखरेल २०७५-९-१९ । (६५) उदयपुर श्रीमिक दैनिक - गजेन्द्र कुमार भगत / जगत प्रसाद बन्जारा २०७६ । (६६) गढी खबर दैनिक - चोउदन्दीगढी मिडिया प्राली / भोटराज राई २०७५-१२-२६
(६७) बेलका बाल बगैंचा त्रैमासिक - ललित राई /खेमराज निरोउला २०७६-१-१५ । (६८) एकता खबर दैनिक - भरत घिमिरे / बिजय कुमार राउत । (६९, क) लिमचुङबुङ साप्ताहिक - लिमचुङबुङ मिडिया प्राली / अरुप कुमार राई २०७५-३-५ । (६९,ख) शोलुशन दैनिक । प्रकाशक भुपेन्दै पौडेल/ सम्पादक महेश खनाल । (७०) बेल्टार खबर साप्ताहिक । प्रकाशक रुद्रमणी राई / सम्पादक सुवास राई । २०७७ ।

# आइतबार गाईघाटमा बजारमा तरकारीको मूल्य

प्रति केजी)


| | | | |
|---|---|---|---|
| १, लटटे साग | रु ४० | १५, काका | रु ३० |
| २, अदुवा | रु १२० | १६, धनियाँ | रु १०० |
| ३, टमाटर | रु ३० | १७, लोकलबोडि | रु ६० |
| ४, बन्दा | रु ४० | १८, खर्बुजा | रु ४० |
| ५, भेन्टा | रु ४० | १९, रायो साग | रु ८० |
| ६, खुर्सानी | रु १२० | २०, प्याज नयाँ | रु ४० |
| ७, मुला | रु ४० | २१, प्याज पुरानो | रु ५० |
| ८, पर्बल | रु ८० | २२, आलु सेतो | रु ३० |
| ९, तितेकरेला | रु ६० | २३, आलु रातो | रु ४० |
| १०, भिन्डी | रु ६० | | |
| ११, च्याउ | रु २०० | | |
| १२, फुलकोबी | रु १०० | | |
| १३, फर्सि | रु ३० | | |
| १४, कटहर | रु ६० | | |

***नोट:*** *तोकिएको खुद्रा मूल्यमा केही थपघट हुन सक्नेछ ।*







# सुपर लिगको उपाधि काठमाडौंलाई

❖ बिबेक राई

*गाईघाट, जेठ १*

खुकुरी नेपाल सुपर लिगको उपाधि यामाहा नेपालको स्वामित्वमा खेलेको काठमाडौ जर्स एफसीले हातपारेको छ । त्रिपुश्वरस्थित दशथ ंगशालामा भएको फाइनल खेलमा धनगढि एफसीलाई १-० ले स्तब्ध पार्दै काठमाडौं उपाधि जित्न सफल भयो ।



यो जित सँगै काठमाडौं समुह चरणमा ३-० शीर्ष चारको क्वालिफायर खेलमा २-१ ले बदला लिन समेत सफल भएको छ । प्रतियोगितामा यसअघि भएको दुवै भेटमा विजयी बनेको धनगढि फाइनलको तेस्रो भेटमा भने स्तब्ध भयो ।

शनिबा साँझ ५:३० को खेलमा धनगढिलाई स्तब्ध बनाउन एकमात्र विजयी गोल मेसुके ओलुमुले २१ औं मिनेटमा गरेका थिए । धनगढिका विशाल राई बी बाट फुत्केको बललाई काठमाडौंका विश्वास श्रेष्ठले खोसेर मेसुकेलाई पास दिएका थिए ।

मेसुकेले धनगढि दुई डिफेन्डर अशोक खवास दिनेश ाजवंशीको बीचबाट अघि बढे डिबक्सको बायाँ भागबाट प्रहार गरेका थिए । उनको प्रहारलाई दिनेशले स्लाइड प्रयास गरी गोलरक्षक किरण लिम्बूलाई बिट गर्दै पोलको सेकेण्ड बारमा आएर गोल भएको थियो ।

संयोग कस्तो रह्यो भने लिगको उद्घाटन दिनको पहिलो खेलमा ललितपुलाई १-० ले हराउँदा गोल गरेका मेसुके लिगको फाइनलको अन्तिम खेलमा धनगढिलाई १-० ले हराउँदा पनि गोल गर्न सफल भए । यसरी हेर्दा लिगको पहिलो अन्तिम गोलकर्ता हुन् उनी । त्यसबाहेक सबैभन्दा बढि आठ गोल गर्दै लिगको एकमात्र सर्वाधिक गोलकर्ता पनि बन्न सफल भए । उनीपछि समान चार गोल गरेका बिराटनगरका पेड्रो मान्जी धनगढिका ओलावाले अफिज दोस्रोमा छन् ।

उसो त पहिलादेखि नै घाईते भए ह्यामिस्ट्रिङले सताएको अवस्थामा पूर्ण फिट नभएपनि मैदान उत्रेका धनगढिका स्ट्राइकर अफिज राम्रो सँग चल्नु नसक्दा पनि टोलीलाई घाटा भयो । नभन्दै ७० औं मिनेटमा धनगढिले बाध्य भए उनको स्थानमा दर्शन गुरुङलाई मैदान पठाउनुपर्‍यो ।

८० औं मिनेटमा धनगढिका प्रशिक्षक युगलकिशोर राईले बुद्धबल तामाङको स्थानमा टंक बस्नेतलाई मैदान पठाए पनि खेलमा फर्कनु ढिलो भइसकेको थियो । अन्ततःदुईपटकको भेटमा पछि परेको टोलीलाई तेस्रो भेटमा पछार्नु नसक्दा धनगढि उपविजेतामा नै सीमितभयो ।

धनगढिले १५ लाखमा चित्त बुझाउँदा नेपाली फुटबलमै पहिला पटक आयोजना भएको फ्रेन्चाइच लिगको उपाधि उचाल्न सफल काठमाडौंले ३५ लाख पायो । नेपालकै धनी चौधरी ग्रुपको स्वामित्वमा रहेको नेपाल स्पोर्ट्स एण्ड इभेन्टले आयोजना गरेको प्रतियोगितामा बिराटनगर, चितवन, ललितपुर, पोखरा बुटवलले समेत भाग लिएको थियो । फाइनल खेलको निभियाइमर्जिङ प्लेयर काठमाडौंका डिफेन्डर राजन गुरुङले गिफ्ट ह्याम्पर दश हजार हात पारे । हुवावे सुपर प्लेयर बनेका काठमाडौंका नै डिफेन्डर फ्लोन्ट को आले ट्रफी पच्चिस हजार हात पारे ।

**अवार्ड**

टोली / खेलाडी

**फेयर प्ले अवार्ड**

*बुटवल लुम्बिनीएफसी*

**प्रतियोगिताभरको इमर्जिङ प्लेयर**

*विश्वास श्रेष्ठ, काठमाडौं (५०,०००)*

**उत्कृष्ट प्रशिक्षक**

*बालगोपालमहर्जन, काठमाडौं (ट्रफी, एक लाख)*

**उत्कृष्ट फरवार्ड**

*अञ्जन विष्ट, ललितपुर (ट्रफी र एक लाख)*

**उत्कृष्ट मिडफिल्डर**

*मेसुके ओलुमु, काठमाडौं (ट्रफी र एक लाख)*

**उत्कृष्ट डिफेन्डर**

*दिनेश राजवंशी, धनगढि (ट्रफी र एक लाख)*


**उत्कृष्ट गोलरक्षक**

*किरण कुमार लिम्बू, धनगढि ( ट्रफी र एक लाख)*

प्रतियोगिता भरको इमर्जिङ प्लेयर काठमाडौंका विश्वास श्रेष्ठले पचास हजार फेयर प्ले अवार्ड बुटवल लुम्बिनी एफसीले पायो । त्यसबाहेक विधागत उत्कृष्ट हुनेले ट्रफी एक -एक लाख पाए । विधागततर्फ उत्कृष्ट गोलक्षकमा धनगढिका कप्तान किरण लिम्बु, उत्कृष्ट डिफेन्डरमा दिनेश राजवंशीले उपाधी पाए । उत्कृष्ट मिडफिल्डरमा काठमाडौंका मेसुके टोलीलाई फाइनल पुऱ्याउन नसके पनि ललितपुरका अञ्जन विष्ट उत्कृष्ट फवार्ड भए । विजयी टोलीका प्रशिक्षक बालगोपालमहर्जन उत्कृष्ट प्रशिक्षक चुनिए ।

प्रतियोगितामा दोस्रो विजयी हुने टोलीलाई नेपालकै धनाढ्य व्याक्ति तथा माननीय सांसद विनोद चौधरी, राष्ट्रिय खेलकुद परिषदका सचिव रमेशकुमार सिलवाल, एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पा, राखेप सदस्य हरि खड्का, सुवास श्रेष्ठ, एन्फा उपाध्यक्षद्वय उपेन्द्रमान सिंह, दिक्षित पराजुली लगायतले पुस्कार तथा ट्रफी दिएका थिए ।





त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व पटी मन्दिर अगाडी ।
प्रोपाइटरः–**थमान चामलिङ राई**
**सम्पर्कः–** ९८४२९७५८७७, ९८१९७३८६८३
*यहाँ अण्डा डिलर होलसेल तथा खुद्रा मुल्यमा बिक्री गरिन्छ । पानी, थुक्पा, सस, स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु, खुद्रा तथा होलसेल मुल्यमा पाईन्छ ।*



## पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको ।
प्रोपाइटरः–**बिनोदकुमार पाण्डे**
सम्पर्कः– ९८५२८३०५८२
*यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ ।*





माझखर्क साप्ताहिकको सह प्रकाशन... मुलुकी दैनिक
प्रकाशक / संस्थापक संपादकः महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट